# विराटनगर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

फोन नं. : ९७७-२१-५७७३८८
५१४०७०, ५१३५२५
टोल फ्रि : १६६०२१४२२२२
इमेल: verss@biratnagarmun.gov.np

प. सं. २०८२/०८३ (सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा)
च. नं.

मितिः २०८३।०३।३१

## सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी अत्यन्तै जरूरी सूचना !

विराटनगर महानगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता लिईरहेका लाभग्राहीहरुले आगामी आ.व. २०८३/०८४ मा भत्ता प्राप्त गर्न आफू बसोबास गरिरहेको स्थायी ठेगानाको स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा प्रत्येक वर्षको श्रावणदेखि असोज मसान्तसम्म नवीकरणका लागि तपसिलका कागजातसहित निवेदन पेश गरी सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न हुन सम्बन्धित सबै लाभग्राहीको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै अस्थायी ठेगानामा बसोबास गर्ने लाभग्राहीहरुले आफू बसोबास गरिरहेको अस्थायी ठेगानाको स्थानीय पञ्जीकाधिकारीको कार्यालयमार्फत निवेदन दिई नवीकरण गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

१. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी
२. राष्ट्रिय परिचय पत्र
३. सामाजिक सुरक्षा परिचयपत्र
४. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी
५. विधवाको हकमा मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी
६. अपाङ्गतको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपी
७. दुई प्रति फोटो

**नोटः** बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने अशक्त असहाय वा ९० बर्षभन्दा माथिका जेष्ठ नागरिक जो राष्ट्रिय परिचय पत्र बनाउन नसक्ने अवस्थामा रहेका तथा १६ बर्ष उमेर नपुगेका सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको हकमा राष्ट्रिय परिचयपत्र नभएपनि सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्न बाधा पर्ने छैन।

विराटनगर महानगरपालिका

नेपाल सरकार

# महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

प.सं.:- /सं.सं.स /०८२/८३

च.नं.:- ६६०

...नगरपालिका

दर्ता नं. १५०३५

दर्ता मिति ०८३/०३/३१

मिति २०८३/०३/३१

नेपाल सम्वत्:११४६

श्री स्थानीय तह सबै।

विषय : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचिकरण तथा नविकरण सम्वन्धमा ।

श्री सामुदायिक ... ०८३/०३/३१

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको सामजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली,२०८२ को नियम (९) बमोजिम असोज मसान्तभित्र सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नु गराउनुहुन ।

२. सबै लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा (अस्थायी बसोबास रहेको वडा कार्यालयमा समेत- Biometric गरिसकेको अवस्थामा) स्वयम् उपस्थित भई जैविक पहिचानका आधारमा नविकरण गरी २०८४ असार मसान्त सम्मको सामाजिक सुरक्षा भत्ता प्राप्ति सुनिश्चित गर्नु गराउनुहुन ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गर्दा राष्ट्रिय परिचय नम्बरका आधारमा जैविक पहिचान (**Biometric Device-Finger Print/Iris Device**) मार्फत गर्नु गराउनुहुन ।

४. सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने समय असोज मसान्त सम्म रहेको हुँदा वडा कार्यालयमा भिडभाड कम गरी नविकरण कार्य व्यवस्थित गर्न वडा कार्यालय मार्फत आवश्यक सहजीकरण गर्नुहुन ।

(नोटः १. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ५ बमोजिम सोह वर्ष उमेर पूरा नभएको बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई लाभग्राहीमा सूचिकृत हुन राष्ट्रिय परिचय नम्बर अनिवार्य हुने छैन।

२. यस उप्रान्त सामाजिक सुरक्षा सम्बन्धमा पत्राचार, सम्पर्क गर्दा यस मन्त्रालयको इमेल socialsecurity@mowcsc.gov.np, फोनं. नं. ०१-४२००२७५ मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ।)

(सुशिला पौडेल)

शाखा अधिकृत